नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक १८४ | २०८० साल फागुन १० गते बिहीबार (22 Feb. 2024 Thursday) | मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मातृभाषा प्रवर्द्धनको अवस्था.. ३ पृष्ठमा : असुरक्षित खानाका कारण प्रत्येक.. ३ पृष्ठमा : वार्ता असफल भएपछि...

## जिर्ण भवनबाटै सेवा प्रवाह गर्दै घरेलु तथा साना उद्योग कार्यालय

**नवीनकुमार गुप्ता**
**राजविराज, ९ फागुन ।**

सप्तरी जिल्लाको पुरानो सरकारी कार्यालय मध्येको एक हो घरेलु तथा साना उद्योग कार्यालय राजविराज । लामो समय देखि विभिन्न सरकारी कार्यालयको नयाँ भवन बन्दा पनि यस कार्यालयको नयाँ भवन निर्माण हुन सकेको छैन् ।

पुरानै जिर्ण रहेको भवनलाई नै मरमत सम्भार गरि नियमित रुपमा सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्दै आएको छ तर, कार्यालयको अभिलेख लगायतका कागजातहरु जोगाउन भने उत्तिकै चुनौती पनि रहेको छ ।

राजविराज वडा नं. ८ मा अवस्थित यस कार्यालयका प्रमुख एवं उद्योग अधिकृत रेखाकुमारी यादवले विभिन्न समस्याका वावजुद लामो समयदेखी पुरानै भवनबाटै सेवाग्राहीलाई सेवा दिइरहेको बताएकी छिन् । यद्यपी वर्षाको समयमा जिर्ण भएका भवनहरु चुहिने गरेकाले महत्वपूर्ण कागजातहरुलाई पानीबाट सुरक्षित राख्न चुनौती समेत रहेको उनको भनाई छ ।

"आवश्यकता भन्दा न्युन कर्मचारीको भरमा जिर्ण भवनबाटै चुस्तदुरुस्त रुपमा सेवा दिइरहेका छौं, उनले भनिन्, "वर्षाको पानीका कारण कार्यालय परिसर डुवानमा पर्ने र कार्यालयको कोठामा समेत पस्दा महत्वपूर्ण कागजातहरु नष्ट हुने चिन्ता रहेकोले गत आ.ब. २०७९/८० मा कार्यालय परिसरमा भौतिक कार्यहरु गरेर डुवानमा पर्ने समस्याबाट केही राहत मिलेको छ ।"

"दर्ता भइसकेका फर्मको रेकर्ड फायलहरु खोज्न विगतमा निकै गाह्रो हुन्थ्यो, उनले भनिन्, "अहिले ती रेकर्ड फायलहरु व्यवस्थित गरि क्रम संख्या अनुसार विभिन्न दराजहरुमा मिलाएर राखिएको छ, जसकारण सेवाग्राहीहरु फर्म नविकरण गराउन आउँदा थोरै समयमै नविकरण गरेर दिने प्रयास गरेका छौं ।"




यस कार्यालयबाट २०८० फागुन ८ गतेसम्ममा उद्योग तर्फ ११ हजार ३ सय ८ र बाणिज्यतर्फ ११ हजार ४३ वटा फर्महरु दर्ता भएको उनले जानकारी दिइन् ।

"एक दिनमा दुईदेखी चार वटासम्म नयाँ फर्म दर्ताका लागि आवेदन आउने गरेको छ, उनले भनिन्, "ती फर्महरु मध्ये उद्योगतर्फ दर्ता गराउनेहरुको विभिन्न मापदण्ड अनुसार स्थलगत निरिक्षण गरेपछि र आवश्यक कागजातको आधारमा ती उद्योगलाई प्रमाणपत्र दिइन्छ ।"

गत माघ २८ गते उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश मन्त्रीस्तरको निर्णय अनुसार सम्पूर्ण फर्महरुको नविकरण दस्तुर रजिष्ट्रेशन गर्दा लागेको दस्तुरको १० प्रतिशत मात्र लाग्ने कार्यालय प्रमुख यादवले जानकारी दिइन् ।

कार्यालयमा सो निर्णयको पत्र फागुन ६ गते मात्र मन्त्रालयबाट प्राप्त भए लगत्तै फर्म नविकरण गराउन आउदा रजिष्ट्रेशन गर्दा लागेको दस्तुरको १० प्रतिशत मात्र नविकरण शुल्क लाग्ने र त्यसको अवधी ५ वर्ष रहने जनाइन् । यसअघि प्रत्येक दुई वर्षमा फर्म नविकरण गराउने प्रावधान थियो ।

यसैबीच १० वर्षदेखी नविकरण नभएका फर्महरुको नविकरण समेत भइरहेको जानकारी दिँदै कार्यालय प्रमुख यादवले महिलाहरुको नाममा नयाँ फर्म दर्ता गराउँदा रजिष्ट्रेशन दस्तुर शुल्कमा ३५ प्रतिशत छुट समेतको व्यवस्था रहेको बताइन् ।

हाल कार्यालयमा कर्मचारीको अभाव रहँदा पनि आफूसहित दुई जना छैठौं अधिकृत, एक जना सहलेखापाल र एक जना कार्यालय सहायक गरि पाँच जना स्थायी र ६ जना करारका गरि ११ जना कर्मचारीहरु कार्यरत रहेको उनले बताइन् ।

## हवाईफायर गरेर अवैध सालको काठ बरामद

**दैनिक समाचादाता**
**रौतहट, ९ फागुन ।**

रौतहटस्थित सशस्त्र वन सुरक्षा गस्ती टोलीले हवाईफायर गरेर अवैध सालको काठ बरामद गरेको छ ।

जिल्लाको वृन्दावन नगरपालिका १ रामलाल वृन्दावन साझेदारी वनक्षेत्र भित्र बन सुरक्षा टोली र तस्कर बिच जम्काभेट हुँदा टोलीले हवाई फायर गरेर गोलिया काठ बरामद गरेको हो ।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्र कुमार मिश्रका अनुसार वन अधिकृत अनिल कुमार महतोको कमान्डमा गएको टोलीले मंगलबारराति ११ बजे वन क्षेत्र भित्र गस्तीको क्रममा तस्करसँग भिडन्त भएको थियो । सो क्रममा टोलीले तीन राउन्ड हवाई फायर गरेपछि तस्कर समूह भागेको थियो ।

टोलीले उक्त स्थान बाट तीन थान गोलिया साढे ५७ फिट सालको काठ लोड रहेको एकथान टायर गाडा र एउटा पाडो बरामद गरेको प्रमुख मिश्रले जानकारी दिए । झन्डै दुईलाख भन्दा बढी मूल्यको काठ सहितको टायर गाडा र पाडो आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय चन्द्रनिगापुरमा ल्याइएको तथा घटनाबारे अनुसन्धान भइरहेको जनाइएको छ ।

## एक हजार र पाँच सयको नोट प्रतिबन्ध लगाउन प्रस्ताव

**दैनिक समाचादाता**
**काठमाडौं, ९ फागुन ।**

नेपाली कांग्रेसका नेता अर्जुननरसिह केसीले एक हजार र पाँच सयका नोट प्रतिबन्ध लगाउनुपर्ने प्रस्ताव राखेका छन् ।

पार्टी बैठकमा भ्रष्टचार नियन्त्रणका लागि एक हजार र पाँच सयका नोटमा प्रतिबन्ध लगाउनुपर्ने उनले धारणा राख्दै त्यसका लागि पार्टीले नेतृत्व लिएर कार्यान्वयन गर्नुपर्ने सुझाव पार्टीको महासमिति बैठकमा राखे ।

'माफिया, विचौलिया, कालोधनका धनपतिले सत्तामा पकड जमाएका छन् भन्ने आम विश्वास छ,' केसीले महासमिति बैठकमा लिखित मन्तव्य राख्दै भने,'देशको मुद्रालाई कालोधनको माध्यम बन्न नदिन विमुद्रीकरण गर्नुपर्ने आवश्यकता छ ।'

नेता केसीले संविधान संशोधनका लागि परामर्शको थालनी कांग्रेसले लिनुपर्ने सुझाव दिएका छन् । निर्वाचन प्रणाली सुधार, गठबन्धनलाई बनाउन वाध्य पार्ने समानुपातिक प्रणालीको खारेजी, संघीय र प्रदेश सांसदको आकार घटाउन संविधान संशोधनको आवश्यकता रहेको उनले बताए ।

पार्टीमा एक व्यक्ति एक पदको नीति अनिवार्य लागु गर्नुपर्ने केसीले बताए । १५ औं महाधिवेशन नियमित समय अनुसार २०८२ मंसिरभित्र हुनुपर्ने उनको माग छ ।

## वीरगन्जमा जारी निषेधज्ञा राति १० बजेसम्मका लागि हटाइयो

**दैनिक समाचारदाता**
**वीरगञ्ज, ९ फागुन ।**

दुई पक्षबीचको झडपलाई दृष्टिगत गरी जिल्ला प्रशासन कार्यालय पर्साले वीरगन्ज क्षेत्रमा जारी गरेको निषेधाज्ञा बुधबार राति १० बजेसम्मका लागि हटाएको छ ।

जिल्ला प्रशासन कार्यालयले करिब ३६ घण्टादेखि जारी राखेको निषेधाज्ञा बुधबार बिहान ६ देखि राति १० बजेसम्मका लागि खुला गरेको हो ।

सर्वसाधारणको सहजताका लागि निषेधाज्ञा हटाइएको र अवस्थाको आङ्कलन गरी निषेधज्ञा थप खुकुलो बनाउँदै जाने नीति लिइएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिएका छन् । आर्थिक नगरीका वीरगञ्जको दैनिकीलाई प्रभाव नपरोस् भनेर निषेधाज्ञा खुकुलो बनाउन लागिएको उनको भनाइ छ ।

रौतहटको इशनाथ नगरपालिकामा केही दिनअघि दुई पक्षबीच भएको झडपको स्थिति सृजना भएपछि जिल्ला प्रशासन कार्यालय पर्साले सोमबार साँझ ५ बजेदेखि अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको थियो ।

**वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरु**

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्तालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौः**

- आफखुसी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं।

कुनै समस्या परे नजिकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### असारे विकासमा जनताले निगरानीका साथै खबरदारी गर्नु आवश्यक

अबको केही दिनमा असारे काम सुरु हुँदै छ। जनप्रतिनिधिहरुले पुरानै परिपाटीलाई पुनः निरन्तरता दिनेमा कुनै शंका छैन्। विकासलाई हेर्ने आ-आफ्नो आँखा हुन्छ। कसैले भौतिक विकासलाई वास्तविक विकास ठान्दछ भने कसैले मानवीय विकासलाई नै सर्वोपरी मान्दछ। कसैले भने सामाजिक न्यायको अवधारणामा आधारित विकासलाई नै विकास मानिरहेको हुन्छ। विकास निरन्तरको प्रक्रिया हो। सरकारले विकासको बाटोलाई अवलम्बन गरेको हुन्छ। मुलुकको नयाँ संरचनासँगै केन्द्रका साथै प्रान्तिय र स्थानीय सरकारहरुले आ-आफ्ना क्षेत्रमा विकासको जिम्मा लिएको छ।

विकासको क्रमलाई हेर्न हो भने अधिकार पालिकाहरुले भौतिक विकासलाई प्राथमिकतामा राखेको पाइन्छ। यसरी विकासको एक पक्षलाई मात्र अंगीकार गर्ने हो भने मानवीय विकास र सामाजिक न्यायको विकास अवरुद्ध हुन जान्छ। जसले गर्दा कुनै पनि समाजको समग्र विकास हुन पाउँदैन। विकासको नामा अचेल भ्रष्टाचारले प्रश्रय पाउँदै गएको छ। फेरी भौतिक निर्माणका र अन्य विकासिय गतिविधिहरु आर्थिक वर्षको अन्त्यमा गर्ने परम्परा नैं बनी सकेको छ। बजेट फ्रिज हुने डरले वर्षको अन्त्य तिर गरिरहने यस्ता विकासले जनाको भलो गरिरहेको छैन भने भ्रष्टाचार मौलाइरहेको छ।

समाजको समग्र विकास हुन नसक्नु त्यहाँ, अभाव र अशिक्षा सदैव हुन्छ। तसर्थ असारे विकासलाई निरुत्साहित गर्नु जरुरी देखिन्छ। यसका लागि आमजनताले खबरदारी र निगरानी गर्नु आवश्यक छ।

# मातृभाषा प्रवर्द्धनको अवस्था र पहल

**गणेशकुमार राई**

काठमाडौँ, ९ फागुन (रासस)।

महात्मा गान्धीले आत्मकथामा मातृभाषाबारे मननीय वाक्यांश उल्लेख गरेका छन्। 'जो हिन्दूस्तानी आमा-बाबु आफ्नो बच्चासँग बाल्यकालदेखि अङ्ग्रेजीमा कुराकानी गर्न थाल्छन्, उनीहरू आफ्नो राष्ट्रको द्रोह गर्छन्। मैले यो पनि मानेको छु कि यसले बालक आफ्नो देशको धार्मिक र सामाजिक बिरासतबाट बञ्चित रहन्छ। त्यत्तिकै अंशमा देशको र विश्वको सेवा गर्नका निम्ति कमयोग्य बन्छ। मातृभाषाको सामान्य ज्ञान जो स्वतः उनीहरू पाउँछन्, त्यसले उनीहरूको र राष्ट्रको फाइदा नै पुगेको हुन्छ र आज उनीहरू परदेशीजस्तो भएका छैनन्।

गान्धीको अभिव्यक्ति उन्नाइसौँ शताब्दीको हो। भारतबाट अङ्ग्रेजको साम्राज्य हट्यो। तर पनि अङ्ग्रेजी भाषाको विस्तार दक्षिण एसियामात्र होइन, विश्व समुदायलाई गाँज्दै लगेको अवस्था छ। २१औँ शताब्दीसम्म आइपुग्दा विश्वको करिब सात हजार मातृभाषाको सङ्ख्या दिनानुदिन घट्दो अवस्थामा रहेको छ। हाम्रोजस्तो बहुभाषिक समाजलाई दिन दुईगुना रात चौगुना भने जसरी विदेशी भाषाले थिचिरहेको अवस्था छ। एक दिन कविता वाचन गराएरमात्र मातृभाषाको विकास हुन सक्दैन। तीनै तहको सरकारले मुलुकभित्र बोलिने मातृभाषालाई संविधान अनुकूलको व्यवहार गर्न जरुरी छ।

नेपाल प्रज्ञा-प्रतिष्ठान (नेप्रप्र)ले २०१० देखि २०२२ सम्म दुईदिने मातृभाषा कविता महोत्सवको आयोजना गर्दै आयो। नेप्रप्रको तत्कालीन कुलपति बैरागी काइँला नेतृत्वले छुट्टै एकेडेमीमा मातृभाषा साहित्य विभाग गठन गरेर मातृभाषा क्रियाकलापलाई बढावा दियो र दिवसको सन्दर्भमा कविता महोत्सवको आयोजना गर्दै आयो। त्यसपछिको दुई कार्यकाल गङ्गाप्रसाद उप्रेती कुलपति रहँदासम्म निरन्तरता दियो। नेप्रप्रलगायतका सरकारको कुनै पनि निकायसँग मुलुकको मातृभाषाहरूको संरक्षण, सवर्द्धन र प्रवर्द्धन गर्ने लिखित कार्यतालिका छैन।

नेप्रप्रले २०१० देखि २०२२ सम्म गर्दै आएको मातृभाषा दिवसमा वाचित कविताको सँगालो प्रकाशन गर्दै आएको थियो। अनुसन्धानमूलक 'मातृभाषाको रूपरेखा' तीन खण्ड र 'मातृभाषा साहित्यको इतिहास' दुई खण्ड प्रकाशित गरिएको थियो। त्यसैगरी 'सयपत्री' अर्धवार्षिक बहुभाषिक पत्रिका, नेवाः भाषाको 'थायभू', लिम्बू भाषाको 'फक्ताङ्लुङ', मैथिली भाषाको 'आङन' पत्रिका प्रकाशन गर्दै आएकामा अहिले ती प्रकाशनलाई निरन्तरता दिइएको छैन। यद्यपि सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान' नारा लिएर हरेक महिनाको अन्तिम शुक्रबार मातृभाषा साहित्य शृङ्खला आरम्भ गरिएको छ। उक्त शृङ्खलामा एउटा भाषाबारे विमर्श र दुई-तीन भाषामा कविता वाचन गराउँछ। नेप्रप्रले यो वर्ष अन्तर्राष्ट्रिय मातृभाषा दिवस-२०२४ धरान उपमहानरपालिकासँग सहकार्यमा धरानमा कविता महोत्सव गर्दैछ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले दिवसको सन्दर्भमा एक मातृभाषी दिग्गजलाई सम्मान, कविता वाचन कार्यक्रम र 'थुँगा' कविता सँगालो प्रकाशन गर्दै आएको छ। यसका अतिरिक्त विभिन्न मातृभाषाका साहित्य, संस्कृति, इतिहासलगायत विविध विषयका पुस्तक प्रकाशन गर्दै आएको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार स्थापित यो प्रतिष्ठानले स्थापनाकालदेखि दुई दशकमा अनुसन्धान, साहित्य, इतिहास, संस्कृतिजस्ता सयौँ पुस्तक प्रकाशन गर्दै आएको छ। प्रतिष्ठानको उपाध्यक्ष र सदस्यसचिव राजनीतिक पार्टीको सक्रिय कार्यकर्तालाई नियुक्त गर्ने परम्पराले यो निकायले प्राज्ञिक आकार भने लिनसकेको छैन।

**सरकारी सञ्चारमा मातृभाषा**

सरकारी मातहतका सञ्चारमाध्यमले मातृभाषाहरूको संरक्षणमा केही सकारात्मक पहल गर्दै आएका छन्। रेडियो नेपालले २०५१ भदौ १ गतेदेखि विभिन्न मातृभाषामा समाचार प्रसारण गर्दै आएको छ। रेडियो नेपालले अहिले केन्द्र र प्रादेशिक प्रसारणबाट २२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम सञ्चालन गरेको छ। केही समयअघि बज्जिका भाषाको समाचार प्रसारण आरम्भ भएको छ भने बैतडेली भाषामा योग्य उम्मेवार नपाउँदा समेट्न नसकिएको बताइएको छ। सोह्रौँ पञ्चवर्षीय योजनामा ३० भाषामा समाचार र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ।

गोरखापत्र संस्थानले २०६५ असोज १ गतेबाट गोरखापत्र दैनिकमा बहुभाषिक 'नयाँ नेपाल' पृष्ठमा आरम्भ गरेको छ। अहिले ४१ वटा मातृभाषाका सामग्री प्रकाशन गरिँदै आएको छ। छ महिनाअघि तीन भाषा थपिएर ४१ भाषाका सामग्री प्रकाशन हुँदै आएको छ। एउटा भाषाले महिनामा एकपटक र एक महिना बिराएर दुईपटक छापिने गरेको छ। मुलुकमा बोलिने भाषाहरू लेखनमा देवनागरी, रोङ, किरात सिरिजङ्गा, सम्भोटा, तामयिग, रञ्जना (नेवाःलिपि), ओलचिकि, खेमा, मिथिलाक्षर, अक्खा, कोइँच ब्लेसे (सुनुवारलिपि), कैथी, धम, नस्तालिक, ब्रेल, अरबी, रोमन, गुरुमुखी, बाङला लिपि प्रयोग गरेको पाइन्छ। गोरखापत्रमा प्रकाशित भाषिक सामग्रीहरू लिम्बू, तामाङ, उर्दू, मुगाललगायत केही भाषा सम्बन्धित लिपिमा छापिने गरेको पाइन्छ।

राष्ट्रिय समाचार समिति (रासस) नेपालको एकमात्र समाचार सेवा प्रदायक संस्था हो। नेपाली र अङ्ग्रेजी भाषामा देशभरिका पाँच सयभन्दा बढी पत्रपत्रिका, रेडियो, अनलाइन, टेलिभिजनहरूलाई समाचार सेवा दिँदै आएको राससले यसै वर्षबाट अन्य मातृभाषाको समाचारसमेत सेवा आरम्भ गरेको छ। नेपालगञ्ज नगरपालिकासँगको सहकार्यमा पहिलोपटक अवधी भाषाको समाचार सेवा सुरु गरेको छ। अब काठमाडौँ, भक्तपुर र ललितपुर महानगरपालिकासँग सहकार्य गरी नेपालभाषाको समाचार उत्पादन गर्ने योजना बनेको छ। त्यसैगरी मैथिली, भोजपुरी र तामाङ भाषालाई प्राथमिकता दिन प्रदेश सरकार र स्थानीय तहसँग पहल अघि बढेको राससले जनाएको छ। यसैगरी नेपाल टेलिभिजनले अहिले सात भाषामा समाचार र १४ वटा भाषामा कार्यक्रम सञ्चालन गर्दै आएको छ। भोजपुरी, नेवार, मगर, अवधी भाषामा समाचार थप्ने योजना बनाएको छ।

**आदिवासी भाषा दशक**

संयुक्त राष्ट्रसङ्घले सन् २०२२ देखि २०३२ लाई आदिवासी भाषा दशक घोषणा गरेको छ। त्यसमा सदस्य राष्ट्र नेपाल सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रीकै अध्यक्षतामा मूल समिति गठन गरेको छ। अन्तर्राष्ट्रिय मातृभाषा दिवस एउटा अन्तर्राष्ट्रिय चाडका रूपमा स्थापित भएको छ। सरकारले भाषा आयोगलगायतका अन्य आयोगहरूलाई कार्यक्रमको बजेट उपलब्ध नगराउँदा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मात्र नभई आदिवासी भाषा दशकलाई प्रभावित तुल्याएको छ। राज्यको तर्फबाट दायित्व बहन भएको छैन। युनेस्को नेपाल च्याप्टरले जुन दायित्व बहन गर्नुपर्ने हो, त्यो अहिलेसम्म नगरेकाले पनि समस्या आएको हो।

नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै भाषा 'राष्ट्रभाषा'को सङ्ज्ञा दिएको छ। तर भाषा ऐन निर्माण नहुँदा सङ्घ, प्रदेश र स्थानीय सरकारले भाषासम्बन्धी ठोस काम गर्न सकेका छैनन्। यसै वर्ष बागमती प्रदेशले भाषा ऐन जारी गरेपछि नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजको भाषाका रूपमा लागू गर्ने प्रक्रिया अघि बढेको छ। भाषा आयोगले दिएको सुझावअनुसार बागमती प्रदेशले मात्र भाषा ऐन जारी गरेको छ। अहिले केही स्थानीय तहले स्थानीय विषयका रूपमा मातृभाषामा पठनपाठन सुरु गरेका छन्।

राष्ट्रिय जगणना २०७८ अनुसार मुलुकमा एक सय २४ भाषा छन्। भाषा सङ्ख्या बढ्नुले मातृभाषाप्रति जागरुकता बढेको आकलन गर्न सकिन्छ तर अधिकांश भाषाहरू अल्पसङ्ख्यक छन्। कम मानिसले बोल्ने, लेख्य परम्परा छैन। केही भाषा त आफ्नै परिवारभित्र सीमित छन्। समुदायमा पनि प्रयोग हुँदैन। भाषाको प्रयोग भएन भने त्यो भाषा विस्तारै लोप हुँदै जान्छ। मातृभाषालाई जोगाइराख्न सरकारले पनि सहयोग गर्नुपर्छ। स्थानीय विषयका रूपमा पठनपाठन भयो भने मातृभाषा जोगाउन सकिन्छ। त्यसको डिजिटल अभिलेखीकरण हुनुपर्छ। बराम, पुमा, छिन्ताङलगायत अन्य केही भाषाहरूको अन्तर्राष्ट्रिय अर्काइभमा राखिएका छन्। भाषा आयोग, त्रिवि भाषा विज्ञान केन्द्रीय विभाग, प्रज्ञा प्रतिष्ठानले अल्पसङ्ख्यकले बोल्ने भाषालाई लोप हुनुभन्दा पहिले त्यसको अभिलेखीकरणमा ध्यान दिन आवश्यक छ।

**भाषा दिवस**

बङ्गलादेशमा मातृभाषा (बङ्गाली भाषा) बोल्न पाउनुपर्ने मागसहित प्रदर्शनमा उत्रिएका विद्यार्थी मारिएको दिन सन् १९५२ फेब्रअरी २१ को सम्झनामा यो दिवस मनाइएको हो। युनेस्कोले १९९९ नोभेम्बर १७ मा यस दिनलाई विशेष दिनका रूपमा स्वीकार गर्‍यो भने सन् २००० मा संयुक्त राष्ट्रसङ्घले यस दिनलाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा घोषणा गर्‍यो। त्यसयता

*बाँकी अन्तिम पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# असुरक्षित खानाका कारण प्रत्येक वर्ष नौ हजारको मृत्यु

विराटनगर, ९ फागुन (रासस)।

नेपालमा असुरक्षित खानाका कारण प्रत्येक वर्ष नौ हजारको मृत्यु हुने गरेको हालैको एक अध्ययनले देखाएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले मंगलबार यहाँ आयोजित प्रदेशस्तरीय खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी गोष्ठीमा अध्ययनबारे जानकारी दिइएको हो।

खाद्य अनुसन्धान अधिकृत दिनेश सुवेदीले होटलहरूमा विशेष गरी मिसावट, तेलजन्य खाद्यबाट उत्पन्न हुने समस्या, रङको प्रयोग र सूक्ष्मजीवले मानव स्वास्थ्यमा समस्या देखिएको बताउनुभयो।

अनुसन्धान अधिकृत सुवेदीका अनुसार विराटनगरका होटल रेष्टुराँहरूको अनुगमनका क्रममा फोहर व्यवस्थापन चुनौतीपूर्ण रहेको पाएको, होटलको फोहर व्यवस्थापन, सरसफाइ र कामदारको व्यक्तिगत सरसफाइ चुनौतीपूर्ण हुँदै गएको पाइएको छ। होटलहरू व्यस्त सडकको नजिक हुँदा धुलो, धुवाँको समस्या पनि थपिएको छ। खाद्यान्न दलहनतर्फ ४७ वटा र प्रशोधित पिउनेपानी एक सय २१ थान मुद्दा जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका छन्।

चालु आवको छ महिनामा १७ वटा न्यूनस्तर/दूषित खाद्यपदार्थ उत्पादन गर्ने उद्योगविरुद्ध मोरङमा मुद्दा दायर गरिएको अधिकृत सुवेदीले बताउनुभयो। खाद्य-दाना उद्योग सिफारिस, अनुज्ञापत्र जारी, नवीकरण, बजार, उद्योग, संयुक्त तथा एकल अनुगमन, प्रयोगशाला सेवा, तालिम दिँदै आएको कार्यालयका प्रमुख विजय खनालले जानकारी दिनुभयो।

गोष्ठीमा प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा लेखराज दाहाल, १४ वटै जिल्लाका साना तथा घरेलु उद्योग कार्यालयका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो।

# कांग्रेस महासमिति बैठक : पहिचानको आन्दोलनको विषय उठान

ललितपुर, ९ फागुन (रासस)।

नेपाली कांग्रेस महासमिति बैठकमा पार्टीका कोशी प्रदेशका जिल्ला सभापतिहरुले कोशी प्रदेशमा भएको पहिचानको आन्दोलनको विषयको उठान गर्नुभएको छ।

कांग्रेस धनकुटाका सभापति दिनेश राईले कोशीमा प्रदेशको नामकरण विषय पेचिलो बनिरहँदा कांग्रेस नेतृत्वले चासो नदिएको भन्दै आक्रोश व्यक्त गर्नुभयो। "हामीले कोशीमा खुलेर राजनीतिक गतिविधि गर्न सकिरहेका छैनौँ। कार्यक्रम समेत गर्न सकिएको छैन", उहाँले भन्नुभयो।

कोशीको पहिचानको विषयमा महासमिति बैठकले निर्णय दिन नसके पार्टीका १४ जिल्लाका सभापति मिलेर समाधानको उपाय खोज्ने सभापति राईको भनाइ थियो।

कांग्रेस सुनसरीका सभापति केदार भण्डारीले गठबन्धन गर्ने विषयको कुरा उठान गर्नुभयो। "आफ्नो मान्छे परे गठबन्धन ठीक, नपरे बेठीक भन्ने परिपाटीको कहिले अन्त्य हुन्छ?", उहाँले प्रश्न गर्नुभयो। कोशीमा कांग्रेसले गठबन्धन गर्दा पार्टीलाई के घाटा भयो भन्दै नेतृत्वलाई प्रश्न गर्नुभयो।

कांग्रेस मोरङका सभापति डिगबहादुर लिम्बूले महासमिति बैठकको निर्णय पार्टीको केन्द्रीय समितिले उल्टाउन नपाउने बताउनुभयो। पार्टीको क्रियाशील सदस्यता वितरण गर्ने अधिकार जिल्ला नेतृत्वलाई दिनुपर्ने उहाँको माग थियो।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगाग्रत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## विश्व समाचार

# वार्ता असफल भएपछि भारतीय किसानद्वारा दिल्लीमा पुनः आन्दोलन सुरु

पटियाला (भारत), ९ फागुन (रासस/एएफपी)।

बालीको उच्च मागमा सरकारसँग सम्झौता गर्न असफल भएपछि ट्र्याक्टरमा सवार हजारौँ किसान बुधबार नयाँदिल्लीतर्फ जानका लागि फेरि तयार भएका छन्।

विरोध प्रदर्शनले राजधानीमा राजमार्गहरूको वर्षभरिको घेराबन्दीलाई सफलतापूर्वक दोहोऱ्याउने आशा गरिएको छ। उक्त विरोध प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारमाथि सन् २०२१ मा आफ्नो कृषि सुधार योजनाहरूलाई त्याग्न दबाब दिएको थियो।

प्रहरीले गत सातादेखि नै शम्भूको सानो गाउँनजिकै उनीहरूको गन्तव्यको उत्तरमा धेरै घण्टाको दूरीमा कृषि मेसिनरीमा किसानहरूको एक माइल लामो स्तम्भलाई रोकेर राखेको छ। प्रदर्शनकारीहरूले अश्रु ग्यासको ब्यारेजहरू प्रयोग गरेर उनीहरूलाई तितरबितर गर्ने प्रयासलाई विफल बनाएका छन् र उनीहरूको प्रगति रोक्नका लागि धातु स्पाइकहरू र कङ्क्रिट बेरिकेड्सको डरलाग्दो नाकाबन्दी पार गर्ने वाचा गरेका छन्।

"हामी अवरोधहरू तोड्नेछौँ भन्ने तपाईंलाई आश्वासन दिन्छौँ", ४५ वर्षीय किसान जगमोहन सिंहले एएफपीलाई भन्नुभयो, "एकपटक हामीले यो अवरोधलाई तोडेपछि दिल्लीमा मात्र रोकिनेछौँ।" किसान युनियनहरूले चामल, गहुँलगायत प्रमुख खाद्यान्नका लागि पहिलेदेखि नै रहेको सरकारी योजनालाई विस्तार गर्दै सबै बालीमाथि न्यूनतम मूल्य निर्धारण गर्नका लागि कानून बनाउन माग गरिरहेका छन्। उनीहरूले ६० वर्ष वा त्योभन्दा बढी उमेरका किसानका लागि ऋण मिनाहा र विश्वव्यापी पेन्सनसहित अन्य छुटको पनि माग गरेका छन्।

सरकारका मन्त्रीहरू र युनियनहरूबीच वार्ताको परिणामको प्रतीक्षा गर्नका लागि प्रदर्शनकारीहरूले गत साता दिल्लीमा आफ्नो जुलुसलाई अस्थायीरूपमा रोकेका थिए। यद्यपि धेरै चरणको वार्ता कुनै नतिजामा पुग्न असफल भएको छ।

फार्म लियर जगजीत सिंह दल्लेवालले सोमबार राति प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) लाई केही तर सबै बालीका लागि मूल्यको ग्यारेन्टी विस्तार गर्ने पछिल्लो सरकारी प्रस्ताव 'किसानको हितमा नभएको' बताउनुभयो।

भारतको एक अर्ब ४० करोड जनसङ्ख्यामा दुई तिहाई मानिस कृषिबाट आफ्नो जीविका चलाउँछन्। यो मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब पाँच भागको एक भाग हो। यद्यपि पछिल्ला केही दशकदेखि कृषि आम्दानी धेरै हदसम्म स्थिर बनेको छ र यो क्षेत्रलाई लगानी र आधुनिकीकरणको नितान्त आवश्यकता छ।

गरिबी, ऋण र जलवायु परिवर्तनले लगातार खराब मौसमी अवस्थाबाट प्रभावित बालीका कारण प्रत्येक वर्ष हजारौँ भारतीय किसानले आत्महत्या गर्छन्। आफ्नो विशाल सङ्ख्याका कारण किसानहरूको राजनीतिक प्रभाव छ र अप्रिलमा सुरु हुने राष्ट्रिय निर्वाचनअघि नयाँ सिराबाट विरोध प्रदर्शन हुँदैछ।

सन् २०२० नोभेम्बरमा कृषि सुधार कानूनविरुद्धको अभियानमा हजारौँ किसानले एक वर्षभन्दा लामो समयसम्म दिल्लको सडकलाई घेरेका थिए। किसानको विरोधका कारण मोदी सरकार पछि हट्नुपऱ्यो र उसले एक वर्षपछि कानूनलाई निलम्बन गर्नुपऱ्यो।

# तापक्रम घटेपछि चीनमा उच्च मौसमी चेतावनी जारी

बेइजिङ, ९ फागुन (रासस/एएफपी)।

चीनको दक्षिणी भागमा तापक्रम घटेपछि र बेइजिङमा हिउँ परेपछि बुधबार गम्भीर मौसमी चेतावनी दिइएको छ। अधिकारीहरूले मुलुकको त्रिस्तरीय प्रणालीमा सबैभन्दा उच्च रहेको अरेन्ज चेतावनी जारी गरेका छन्। यसले दक्षिणमा औसत तापक्रम शुक्रबार छदेखि १२ डिग्री सेल्सियससम्म घट्न सक्ने चेतावनी दिएको छ।

राष्ट्रिय मौसम विज्ञान केन्द्र (एनएमसी) ले केही क्षेत्रमा तापक्रम २० डिग्री सेल्सियसभन्दा धेरैले घट्नसक्ने सामाजिक सञ्जालमा बताएको छ।

सरकारी समाचार समिति सिन्ह्वाले एनएमसीले स्थानीय सरकारहरूसँग चिसो मौसमप्रति सावधानी अपनाउन आह्वान गरेको, जनतालाई न्यानोमा बस्न सल्लाह दिएको र बाली र जलीय उत्पादनको सुरक्षाका लागि आवश्यक उपाय गर्न आग्रह गरेको बताएको छ।

बुधबार तापक्रम शून्यको नजिक रहेको बेइजिङमा रातभर हिमपात भएको छ। मानिसहरूले बिहान उठ्दा राजधानी सेतो रङले ढाकिएको देखेका थिए। सहरका राजमार्गहरूमा यातायात सुस्त भएको छ भने यात्री र साइकल चालकका लागि हिउँले भरिएका फुटपाथ जोखिमपूर्ण भएका छन्।

नगरपालिकाका अधिकारीहरूले केही उपनगरीय क्षेत्रमा चार दशमलव एक सेन्टिमिटरसम्म हिमापात भएको बताएका छन्। उनीहरूले हिउँ परेका सडकहरूमा चेतावनी जारी गरेका छन्।

"आफ्नो भ्रमण कम गर्नुहोस्, सार्वजनिक बस र सबवेको प्रयोग गर्नुहोस् र आफ्ना कारहरूलाई विस्तारै चलाउनुहोस्, सुरक्षामा ध्यान दिनुहोस्", सहर सरकारले मङ्गलबार साँझ अनलाइन विज्ञप्तिमा बासिन्दाहरूलाई सिफारिस गर्दै भनेको छ।

# राजबिराज वडा ४ को कार्यालय आफ्नै भवनमा



**दैनिक समाचादाता**
**बिराटनगर, ९ फागुन ।**

राजबिराज नगरपालिका वडा नं. ४ को कार्यालय बुधबार आफ्नो भवनमा सरेको छ ।

एक कार्यक्रमबीच राजबिराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख ईसरत परविनले रिवन काटेर उद्घाटन गरिन भने वडा अध्यक्ष दिनेश साहले बिधिवत पुजापाठ गरि भवनमा प्रवेश गरे ।

नवनिर्मित एकतल्ले भवनमा वडा अध्यक्षको कार्यकक्षसहित तीन वटा कोठा र सभाहल रहेको छ । सो अवसरमा राजबिराज वडा नं. १४ का अध्यक्ष जगदिश मण्डल, वडा १५ अध्यक्ष ओम नारायण साह, वडा १६ का अध्यक्ष रामएकवाल यादब, वडा १२ का अध्यक्ष रामचन्द्र यादब, वडा ५ का अध्यक्ष बन्धु दास, वडा ६ का अध्यक्ष शशी यादब, वडा २ का अध्यक्ष अरूण यादब, वडा ३ का अध्यक्ष अनिल दास, वडा ११ का अध्यक्ष उदित नारायण यादब, कार्यपालिका सदस्य ललिता कर्ण, सोनी रजक, स्वास्थ संयोजक निरन्जन यादब लगायत वडावासीहरूको उपस्थिति रहेको थियो ।

# तीन जनाको हत्या गरी आत्महत्या गरेको आशंका

काठमाडौँ, ९ फागुन (रासस) ।

काठमाडौँको नागार्जुन नगरपालिका-६ भैरबटोलमा एकै परिवारका तीन जनाको बुधबार हत्या भएको छ ।

सोलखुम्बुको दूधकुण्ड घर भई नागार्जुन नगरपालिका-६ भैरबटोलमा बस्दै आएकी ३८ वर्षीया ईश्वरी श्रेष्ठ, निजकी आठ वर्षीया छोरी अनिशा श्रेष्ठ र साढे दुई वर्षकी नातिनी सिवानी श्रेष्ठको हत्या भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो । सो हत्यामा निज ईश्वरीका श्रीमानको संलग्नता रहेको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

ईश्वरीका श्रीमान् राजु घिमिरे भनिने काजी विकको शव पनि घरभन्दा केही पर जङ्गलमा झुण्डिएको अवस्थामा फेला परेकाले उक्त हत्यामा निज काजी विककै हात रहेको अनुमान गरी प्रहरीले अनुसन्धान थालेको प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “परिवारका सदस्यहरूको हत्या गरेपछि उनले आत्महत्या गरेको प्रारम्भिक अनुमान छ । यसै विषयमा केन्द्रित रही प्रहरीले अनुसन्धान थालिसकेको छ ।”

घटना बुधबार विहानको हो । विहान साढे नौ बजेतिर कोठाभित्र शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । त्यसको केही समयपछि विक पनि घरभन्दा केही परको जङ्गलमा झुण्डिएको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरी घटनास्थलमा आउँदा उनको मृत्यु भइसकेको थियो ।

### *मातृभाषा प्रवर्द्धनको ...*

‘फेब्रुअरी २१’ (फागुन ९) लाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा मनाइँदै आएको छ । यो वर्ष सन् २०२४ मा ‘बहुभाषिक शिक्षा नै अन्तर पुस्ता सिकाइको जग हो’ नारासहित २५औँ दिवस मनाइँदैछ ।

नेपालमा सन् २०१० देखि औपचारिक रूपमा यो दिवस मनाउन थालिएको हो । नेपाल प्रज्ञा-प्रतिष्ठान र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले यसको सुरुआत गरेका हुन् । त्यस निम्ति नेपालस्थित बङ्गलादेश दूतावास र युनेस्कोको संलग्नता रहँदै आएका छ । नेपालको संविधान, २०७२ मा भएको व्यवस्थाअनुसार गठित संवैधानिक आयोगहरू आदिवासी जनजाति आयोग, मधेसी आयोगले समेत मातृभाषा दिवसको सन्दर्भमा मातृभाषासम्बन्धी क्रियाकलाप गर्दै आएका छन् ।

अन्त्यमा, महात्मा गान्धीले भने जसरी मातृभाषाको सामान्य ज्ञानबाट हाम्रा बालबालिका टाढिदै छन् । मातृभाषालाई हेला गर्दा राष्ट्रघात भइरहेको छ कि ? यसतर्फ तीनै तहका सरकारले गम्भीरतापूर्वक लिएर भाषा नीति निर्माण, सम्बन्धित भाषिक समुदायको सशक्तीकरण, उत्प्रेरणा जगाउने, स्रष्टाहरूको गुणात्मक विकासमा अग्रसर तुल्याउन जरुरी छ । *(लेखक मातृभाषा अभियन्ता हुनुहुन्छ)*

## जिल्ला प्रहरी कार्यालय सप्तरीको अनुरोध !

**पछिल्लो समयमा परिवन्धमा पारी साईबर अपराध बढि रहेको हुँदा निम्न कुराहरुमा सचेत रहौं ।**

**परिवन्धमा पार्ने तरिकाहरु :-**

१)कोहि कसैले फोन कल र सामाजिक सञ्जालको प्रयोग गरि कुनै परीबन्ध वा झुट्टा डर त्रास देखाई रकम तथा फिरौती माग्ने ।
२)आफ्नो वच्चा वा कोही कसैको अपहरण गरी वा झुट्टा अपहरणको बाहाना बनाई फिरौती माग गर्ने ।
३)सामाजिक सञ्जाल बाट नचिनेको मानिसले धाक धन्की दिई गोप्य रुपमा Fake ID बाट फोन, म्यासेज गर्ने र पैसाको माग गर्ने ।
४)कुनै पनि घटना वा कामलाई संयोग पारी वा सुराकी गरी blackmail गरी बारम्बार Whatsup, Imo, लगायतका सामाजिक संजाल मार्फत Audio कलमा फोन गर्ने ।
५)प्रहरी अधिकृतको फोटो दुरुपयोग गरि सामाजिक संजालकोProfile Picture प्रयोग गरि Whatsapp Imo मार्फत Audio Call मार्फत बिभिन्न मुद्राको डर देखाउने ।

**बच्ने उपायहरु :-**

१)सामाजिक संजालमा नचिनेको व्याक्तिसंग साथी नबन्ने,अडियो र भिडियोमा कुरा नगर्ने ।
२)सामाजिक संजालमा जथाभावि आफ्नो दैनिक गतिविधि, गर्न लागेको काम र जाने ठाउको ठेगानाको पोष्ट नगर्ने ।
३)कोहि कसैले परिवन्धमा पारी,धाक धम्कि दिई Whatsapp,Messenger, Imo लगायतका सामाजिक संजाल मार्फत फिरौती मागेमा बास्तविक वुझ्ने र हतारमा पैसा नपठाउने ।
४)कोहि चिनजानकै व्याक्तिबाट पनि Facebook, Messange, Whatsup र Imo लगायतका सामाजिक संजालको प्रयोग गरी पैसा मागेमा वास्तविक साथी हो हैन बुझेर मात्र रकम पठाउने ।

:-माथी उल्लेखित अनुसारको घटना घटेमा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला ।

नेपाल प्रहरी साईबर ब्यूरो, भोटाहिटी काठमाण्डौ - ९८५१२८६७७०, ०१४२१९०४४
जिल्ला प्रहरी कार्यलय सप्तरी: १०० / ९८५२८९०२७०

# बन्द अवस्थामा रहेको जुट मिलमा आगलागि

**दैनिक समाचादाता**
**बिराटनगर, ९ फागुन ।**

विराटनगर जुट मिल्समा आगलागी भएको छ । विराटनगर महानगरपालिका १६ मा रहेको नेपालको पहिलो उद्योगमा मंगलबार राति आगलागी भएको हो । हाल सो जुट मिल बन्द अवस्थामा रहेको छ ।

आगलागीबाट २० लाख बराबरको क्षति भएको मोरङका प्रहरी नायव उपरीक्षक रञ्जनकुमार दाहालले जानकारी दिए । नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय बासिन्दा र विराटनगर महानगरपालिकाका दमकलको सहयोगमा बुधबार राति १ बजेतिर आगो नियन्त्रणमा लिइएको थियो ।

बन्द उद्योगमा कसरी आगलागी भयो भन्ने खुलेको छैन । कसैले आगो लगाएको जस्तो देखिएको र घटनाको अनुसन्धान भइरहेको प्रहरी स्रोतले बतायो ।

बन्द अवस्थाको जुट मिलको ‘स्वप्नर ब्लिचिङ डिपार्ट’ बाट राति ९ बजेतिर अचानक आगलागी सुरु भएको थियो । जुटका बोरा बनाउन प्रयोग गरिने धागोलाई अन्तिम रूप दिने डिपार्टबाट आगलागी सुरु भएको र बोरा बनाउन प्रयोग गरिने कच्चा पदार्थ जलेको प्रहरीले जनाएको छ । मिलका दुई वटा पुराना मेसिनमा पनि क्षति पुगेको छ ।

विक्रम संवत् १९९३ सालमा स्थापना भएको विराटनगर जुट मिल नेपालको पहिलो उद्योग हो । विराटनगर जुट मिल्स २०७८ साल माघदेखि बन्द छ । पछिल्लो समय सरकारले बन्द रहेका उद्योग सुरु गर्न चासो देखाएपछि भारतीय व्यापारिक समूह बिड्ला ग्रुपले मिलको वस्तुस्थिति अवलोकन गरेको थियो ।

# बैंकिङ क्षेत्रप्रति दुष्प्रचार नगर्न आग्रह

काठमाडौँ, ९ फागुन (रासस) ।

नेपाल राष्ट्र बैंकले बैंकिङजस्तो संवेदनशील क्षेत्रप्रति सर्वसाधारणलाई भ्रमित गर्ने गरी भइरहेको दुष्प्रचारको पछाडि नलाग्न सबैमा आग्रह गरेको छ ।

केन्द्रीय बैंकले मंगलबार एक सूचना प्रकाशित गरी लगानीकर्ता, निक्षेपकर्ता, ग्राहक तथा सरोकारवालालाई ढुक्कसँग नियमित रूपमा बैंकिङ कारोबार गर्न अनुरोध गरेको छ । “नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी यस बैंकको प्रत्यक्ष नियामकीय तथा सुपरिवेक्षकीय दायरामा रहेका बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालन तथा स्थायित्वका सम्बन्धमा हाल केही व्यक्ति/समूहले दिएको भ्रामक अभिव्यक्ति र दुष्प्रचारप्रति यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ”, सूचनामा भनिएको छ ।

बैंकिङ क्षेत्र अर्थव्यवस्थाको मेरुदण्ड भएको उल्लेख गर्दै केन्द्रीय बैंकले नेपालको अर्थतन्त्रको दिगो विकासमा सहयोग पुऱ्याउन मूल्य र शोधनान्तर स्थिरता कायम गर्दै समग्र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न यस बैंकलाई कानुनले स्पष्ट “इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरू अन्तर्राष्ट्रिय बैंकिङ सिद्धान्त तथा असल अभ्यासका आधारमा यस बैंकले दिएको निर्देशनको अधीनमा रही सञ्चालनमा रहने तथा ती संस्थामा यस बैंकबाट नियमितरूपमा निरीक्षण र सुपरिवेक्षण हुने गरेको छ”, राष्ट्र बैंकले सूचनामा भनेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*